आ.व. २०८०।०८१
वैठकः- नगर कार्यपालिका बैठक
अध्यक्षताः- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

वैठक नं ०४।०८०।०८१
मितिः- २०८०।०३।२३ गते
स्थानः- पाल्पाली हाउस पोखरा
समयः- साँझको ५.०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

**उपस्थिति**

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा. २ | सदस्य |
| — | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| — | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा.५ | सदस्य |
| — | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा.७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री जीवन ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |

श्री कर्ण बहादुर रेग्मी का.वा.अ. ता.न.पा.१२

निर्णय नं. १

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पुरातत्व विभागको मिति २०७३।१०।१० च.नं ७०६ को पत्रबाट "तानसेन नगरपालिका वडा नं. ४ स्थित पाल्पा दरवारको आफ्नै ऐतिहासिक महत्व रहदै आएको र अव्यवस्थित शहरीकरणको कारणले दरवारको मौलिकता र ऐतिहासिकतालाई प्रभावित पार्दै गईरहेको साथै दरवारको उत्तर तर्फको मूल ढोकाको दाँया बाँया बनेका संरचनाहरुले समेत ढोकाको ऐतिहासिक महत्वलाई ओझेलमा पारिरहेकोले ती संरचनाहरुलाई तत्काल हटाई दरवारको मौलिक स्वरुप कायम गर्दै पाल्पाको महत्वपुर्ण गन्तव्यको रुपमा विकास गर्न सहयोग गरिदिनहुन" भनि लेखि आएकोले उक्त दरवार परिसर र मुलढोका वरपरको संरचना हटाउने कार्य सम्पन्न भैसकेको हुँदा परिसर भित्र रहेको जिल्ला समन्वय समितिको भवन तथा संरचनाहरु, बालमन्दिरको टहराहरु, नेपाल विद्युत प्राधिकरण पाल्पा वितरण केन्द्रको भवन तथा संरचनाहरु, पाल्पा उद्योग वाणिज्य संघ पाल्पाको कार्यालय रहेको भवन तथा संरचना, जिल्ला प्रहरी कार्यालयको क्यानटीन र मालपोत कार्यालयको क्वाटर तथा संरचनाहरुमा रहेका कार्यालय र संस्थागत रुपमा प्रयोग गरिएको संरचनाहरुलाई स्थानान्तरण गर्न सम्वन्धित निकायलाई अनुरोध गर्दै आवस्यक प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं. २

तानसेन नगरपालिका वडा नं. १३ स्थित रानीमहल दरवार र उक्त दरवार अन्तर्गत रहेको खड्ग भक्तेश्वर, तेज मुक्तेश्वर, शिवालय मन्दिर, गणेश गंगामाई समेतको गुठी अन्तर्गत रहेका सो गुठीसंग सम्वन्धीत जग्गाहरुको पहिचान तथा खोजी गरी प्रतिवेदन पेश गर्नको लागि देहाय वमोजिमको **जग्गा पहिचान तथा खोजी समिति** गठन गर्ने निर्णय गरियो ।

**जग्गा पहिचान तथा खोजी समिति**

| | |
|---|---|
| १. श्री भेषराज नेपाल ता.न.पा २ | संयोजक |
| २. श्री निर्मल श्रेष्ठ ता.न.पा ३ | सदस्य |
| ३. श्री टुक प्रसाद भट्टराई वडा अध्यक्ष १३ | सदस्य |
| ४. श्री भरत प्रसाद आचार्य वरिष्ठ अधिकृत | सदस्य सचिव |

निर्णय नं. ३

प्रदेश सरकारको लगानीमा निर्माण भएको ता.न.पा. वडा नं. ५ वतासेडाडा स्थित सांस्कृतिक डवली व्यवस्थापन तथा संचालन गर्नेगरी प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

तानसेन नगरपालिका विधायन समितिमा छलफल र निर्णय भई आएको तानसेन नगरपालिकाको **महिला मैत्री पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०८० र श्रीनगर सांस्कृतिक डवली संचालन कार्यविधि २०८०** स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

तानसेन खानेपानी उपभोक्ता समितिवाट ता.न.पा वडा नं. ५ स्थित छापथोक, सेतीपोखरी, शिवपोखरी, र माथिल्लो धरमपानीमा नयाँ पाईप लाईन विस्तार आयोजनाका लागि निम्नानुसारका पाईपको माग भई आएकोले आपुर्तिका लागि स्वीकृत ल.ई सहित आवस्यक वजेट माग गर्न नेपाल सरकार खानेपानी मन्त्रालय र विभागमा लेखि पठाउने निर्णय गरियो ।

क ५०० मिटर ३ ईन्च जि.आई पाईप

ख ८०० मिटर ३ ईन्च पोलिथिन पाईप

ग १००० मिटर ढाई ईन्च पोलिथिन पाईप

जीबन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

घ ८०० मिटर डेढ इन्च पोलिथिन पाईप
ङ ६०० मिटर डेढ इन्च पोलिथिन पाईप

**निर्णय नं. ६**

तानसेन नगरपालिकाको आयोजनामा हुने कृषि, रोजगार, पर्यटन, उद्योग र व्यापार तानसेन महोत्सव २०८०, यहि मिति २०८० फाल्गुण १ गते देखि ११ गतेसम्म तानसेन टुँडिखेलमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तानसेन नगरपालिका वडा नं. ३ स्थित ऐतिहासिक रणउजिरेश्वरी भगवती माताको खट जात्रा (विजय उत्सव) हरेक वर्ष भाद्र कृष्ण नवमीको दिन महोत्सवको रुपमा मनाईदै आएको, पश्चिम नेपालको प्रसिद्ध जात्रा भएको र कर्णेल उजुरसिंह थापाले युद्धको तयारीका क्रममा युद्धमा विजयी प्राप्त गरेमा भगवतीको ठुलो मन्दिर बनाई सिन्दुर जात्रा गरी भगवतीको महिमा चारैतिर फैलाउने भनि भाकल गरेकोमा नेपाल र ईष्टईन्डिया कम्पनी वीचको युद्धमा वि.सं १८७१ १८७२ मा कर्णेल उजिर सिंह थापाको कमाण्डमा जीतगढीको युद्धमा नेपाली सेनाले विजयी प्राप्त गरेको ऐतिहासिक दिनमा विजय उत्सव मनाउदै आईरहेको र उक्त रणउजिरेश्वरी भगवती माताको खट जात्रा (विजय उत्सव) ले राष्ट्रियता तथा धर्म संस्कृतिसंग प्रत्यक्ष जोडिएको यस उत्सवलाई राष्ट्रिय पर्वको रुपमा मान्यता दिनका लागि नेपाल सरकारसंग पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तानसेन नगरपालिका स्थित श्रीनगर क्षेत्रको सौन्दर्य र पर्यटनमा आधारित पूर्वाधारहरु निर्माणको साथै जैविक विविधता तथा वन व्यवस्थापन सम्बन्धी प्रस्ताव तयारी गरी कार्यान्वयनको लागि नेपाल सरकार वन तथा वातावरण मन्त्रालय र प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय लुम्बिनी प्रदेशमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

तानसेन दुग्ध उत्पादक कृषक समुह (तानसेन डेरी) ता.न.पा. २ लाई मिल्क एनालाईजर खरिदको लागि तानसेन नगरपालिकाको मिति २०८०।६।२९ गते वसेको कार्यपालिका वैठकको निर्णय नं. २ क्र.स २४वाट रु.२,७५,०००। निर्णय भएकोमा भुलवस मिल्क एनालाईजर खरिदको मुल्य लेखिन गएकोले सोही वरावरको देहायको सामाग्री ता.न.पा.को प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत मागमा आधारित शिर्षकवाट खरिद गर्ने निर्णय गरियो

- क्रिम काट्ने मेशिन रु. ७००००।
- पनिर डाई रु. २५०००।
- फ्रिज सोकेशवाला रु. ७००००।
- सिसा फेमिङ रु. ५०,०००।
- लसी, कुल्फी डाई, कफी मेशिन रु. ६०,०००।

**जम्मा रु. २,७५,०००।**

**निर्णय नं. १०**

यहि मिति २०८० साल कार्तिक १७ गते मध्यरातमा जाजरकोट जिल्लाको रामीडाँडा केन्द्र विन्दु भएर गएको विनसकारी भुकम्पले जाजरकोट जिल्ला र रुकुम पश्चिम जिल्लामा ठुलो मात्रामा भौतिक तथा मानविय क्षति हुनपुगेको छ । यस अकल्पनिय तथा दुख:दायी विपद्जन्य घटना प्रति तानसेन

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

नगरपालिका गहिरो दुःख व्यक्त गर्दछ । त्यस जिल्ला भित्र यस दुःखद घटनामा परि ज्यान गुमाउनु हुने सम्पुर्ण बुवा अमा, दाजु भाई तथा दिदि वहिनीहरु प्रति भावपुर्ण श्रदान्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा हार्दिक सम्वेदना व्यक्त गर्ने र सम्पुर्ण घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । यस भुकम्पजन्य विपद् पश्चातको खोज, उद्दार तथा राहतको लागी जिल्ला विपद व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्ने प्रयोजनार्थ सहयोग स्वरुप प्रति जिल्ला १ १ लाखका दरले रु. २ लाख राहत रकम उपलब्ध गराउने निर्णय गरियो

**निर्णय नं. ११**

पाल्पा जन्मघर भई पोखरा कर्मथलो वनाई विभिन्न व्यवसाय गरी वसेका व्यक्तिहरुको संगठन पाल्पा समाज पोखराले तानसेन नगरपालिकाको जनप्रतिनिधी र कर्मचारीहरुलाई पोखरामा आतिथ्यता सहित भव्य स्वागत तथा परिचयात्मक कार्यक्रम संचालन गरेकोले **पाल्पा समाज पोखरालाई** हार्दिकता सहित **धन्यवाद** ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

तानसेन नगरपालिकाको यस अगाडि भएको वैठकको निर्णयहरु पुनरावलोकन एवं समीक्षा गरियो ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत